नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी

प.स.:- ०७७/७८
च.नं. :-

मिति २०७७/०७/२५

## जरुरी सूचना ।

विश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) संक्रमणको जोखिम हाल म्याग्दी जिल्लामा पनि लक्षण सहितका कोभिड-१९ संक्रमित व्यक्ति बढ्दै गएको र आगामी दिनमा यसको संक्रमण अझ तीव्र गतिमा फैलिन सक्ने सम्भावनालाई मध्यनजर गर्दै र विषेशगरी सदरमुकाम बेनी बजार क्षेत्र तुलनात्मक रुपमा बढी जोखिममा रहेको अवस्था समेतलाई दृष्टिगत गरी बेनी नगरपालिका कार्यालयको च.नं. ७५५ मिति २०७७/०७/२० को पत्र बमोजिम बेनी नगरपालिकाको सिफारिस, स्वास्थ्य क्षेत्रका विज्ञ समेतको रायका आधारमा मिति २०७७/०७/२१ गते देखि २०७७/०७/२८ गते सम्म बेनी स्थित अत्यावश्यक बाहेकका बजार, पसल, बैंक, वित्तिय तथा सहकारी संस्थाहरु र बेनी नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा स्थगन भएकोमा यस अवधिमा बजार क्षेत्रमा संक्रमणको अवस्था प्रवृत्ति पहिचान गर्न, लक्षण सहितका बिरामीको जाँचपडताल गर्न र घरघरमा जनस्वास्थ्य मापदण्ड पालनाका सम्बन्धमा सचेतना कार्यक्रम संचालन गर्न घरदैलोमा खटिएका स्वास्थ्यकर्मी सहितको टोलीले हालसम्म ५८१ घरको ३९१० जनासँग घरदैलोमै प्रत्यक्ष भेटघाट गरि जोखिममा रहेको बजार क्षेत्रको संक्रमण अवस्थाबारे खोजवीन हुँदा लक्षण देखिएका १३ जनाको नमुना संकलन भई परिक्षणमा पठाईएको, निजहरुलाई होम क्वारेन्टाईन गरिसकिएको र सो बाहेक घरदैलो अभियानबाट हेर्दा हाल बजार क्षेत्रमा संक्रमण नियन्त्रणमै रहेको पाइएको भनी पेश गरेको प्रतिवेदन, नागरिक स्तरबाट प्राप्त सुझाब समेतका आधारमा स्थगित सेवा सुचारु गर्न भनी बेनी नगरपालिकाको च.नं ७५९, मिति २०७७/०७/२५ को प्राप्त पत्र र बृहत छलफल समेतका आधारमा तपशिल शर्त र मापदण्ड कडाईपूर्वक पालना गर्ने/गराउने गरि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) म्याग्दीले मिति २०७७/०७/२१ गते देखि मिति २०७७/०७/२८ गते सम्मका लागि माथि उल्लेख भए बमोजिम स्थगन गरिएको सेवा मिति २०७७/०७/२५ राती १२ बजे देखि सूचारु गर्ने निर्णय गरेकोले सोही व्यहोरा सम्बन्धित सबैका जानकारीका लागि अनुरोध छ ।

### तपशिल
### कडाईपूर्वक पालना गर्नु/गराउनु पर्ने मापदण्ड

१. चाडपवहरु मनाउँदा आफू रहेकै स्थानमा आफ्ना घरपरिवारका सदस्यहरुसँग मात्र सीमित रही मनाउनु हुन,
२. जिल्ला भित्र कुनै प्रकारका मेला, महोत्सव, भेला, जमघट, खेलकुद तथा व्यापारिक केन्द्रहरुमा भिडभाड नगर्नु नगराउनु हुन,
३. देउसी भैलो जस्ता कार्यक्रमहरुको आयोजना नगर्नु/नगराउनु हुन,
४. आतसबाजी, पटाका, झिरझिरे, भूईचम्पा लगायतका विस्फोटकजन्य पदार्थहरुको ओसारपोसार, विक्री वितरण एवं प्रयोग नगर्नु/नगराउनु हुन,

२०७७/०७/२५

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७७/७८
च.नं. :-

मिति २०७७/०७/२५

५. कोभिड-१९ (कोरोना भाईरस) संक्रमणको जोखिम न्यूनिकरणका लागि नेपाल सरकारले तोकेको सामाजिक भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा माक्स लगाउने, नियमित रुपमा साबुन पानीले पटक-पटक हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने जस्ता स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डहरुको पूर्णरुपमा पालना गर्नु गराउनु हुन ।

६. सेवा प्रवाह वा वस्तु खरिदबिक्री गर्दा सेवाग्राहीहरुबीच कम्तीमा दुईमिटरको दुरी कायम गर्ने/गराउने, पसल अगाडी दुई मिटर दुरी कायम हुने गरि चिन्ह राख्ने, ग्राहकहरुबीच दुरी कायम गराउने, माक्स, सेनीटाइजर अनिवार्य गर्नुहुन ।

७. जिल्ला बाहिरबाट जिल्ला प्रदेश गरेमा अनिवार्य होम क्वारेन्टाइनमा बस्नु हुन ।

२०७७/०७/२५
सहायक प्रमुख जिल्ला अधिकारी

यो सूचनाको अवज्ञा गर्ने गराउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।